गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.com

पत्र संख्या : ०८२/८३ मितिः २०८२/०७/१२

चलानी नं : ९६

विषयः- सूचना टाँस गरिदिने बारे ।

श्री बेनी नगरपालिकाको कार्यालय बेनी, म्याग्दी ।

श्री रघुगंगा गाँउकार्यपालिकाको कार्यालय, मौवाफाँट म्याग्दी ।

श्री अन्नपुर्ण गाउँकार्यपालिकाको कार्यालय, पोखरेबगर म्याग्दी ।

श्री मंगला गाँउकार्यपालिकाको कार्यालय, बाबियाचौर, म्याग्दी ।

श्री मालिका गाँउकार्यपालिकाको कार्यालय, दरवाङ्ग, म्याग्दी ।

श्री धवलागिरी गाँउकार्यपालिकाको कार्यालय, मुना, म्याग्दी ।

प्रस्तुत विषयका सम्बन्धमा यस कार्यालयको आ.व. ०८२/८३ का स्वीकृत वार्षिक कार्यक्रम मध्ये मिति २०८२/०६/३० गते प्रकाशित अनुदानका कार्यक्रमको सूचना यसै साथ संलग्न गरि पठाईएको छ , प्राप्त सूचनाहरुलाई तहाँको कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वडा कार्यालयमा समेत सूचनाको पहुँच पुर्याईदिने व्यबस्थाको लागि अनुरोध छ ।

गोपाल गिरी
पशु विकास अधिकृत
कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
म्याग्दी

०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.com

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८२/०६/३० गते

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीको आ. व. २०८२/०८३ को बार्षिक कार्यक्रममा रहेका तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालनका लागि देहाय अनुसारका न्युनतम शर्तहरु पुरा गर्ने ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/कम्पनी/कृषि सहकारी संस्थालाई आवश्यक कागजातहरु समाबेश गरी यो सूचना प्रकाशित भएको मितिले कृ. ग. बाट जन्मेका पाडीबाच्छी कार्यक्रम बाहेक अन्य कार्यक्रमका लागी ३० दिन भित्र तोकिएको ढाँचामा यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्वन्धित सम्पुर्णमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ तपशिलः

| क्र. | कार्यक्रकमको नाम | बार्षिक लक्ष्य | कुल बजेट | मापदण्ड | आवश्यक न्युनतम शर्तहरु तथा अन्य बिषयहरु |
|---|---|---|---|---|---|
| १ | कृत्रिम गर्भाधानबाट जन्मेका उन्नत नश्लका पाडीबाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम | ३० संख्या | ३ लाख | पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम संचालन कार्यविधी २०७७ बमोजिम हुनेछ (छनौट भएका प्रति पाडी/बाच्छी बापत रु १० हजार उपलब्ध हुने साथै प्रोत्साहन बापतको रकम एक घर परिवारको लागि अधिकतम रु ५० हजार भन्दा बढी पाउने छैन) । | • नेपाली नागरिकताको प्रामाणित प्रतिलिपी<br>• कृत्रिम गर्भाधानबाट जन्मेको प्रमाण पत्र (कृत्रिम गर्भाधान गरेको विवरण खुल्ने कागजात पत्र)<br>• कंम्तिमा १ वर्ष उमेरको कोरली/पाडी/बाच्छी भएको भनि प्राविधिकले दिएको सिफारिस पत्र ।<br>• टयाग देखिने गरि खिचिएको फोटो ।<br>• संबन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र<br>• KYC अपडेट भएको बैंक खाता (संकल चेक)<br>• पाडी/बाच्छीको बिमा गरेको बिमालेखको प्रतिलिपी ।<br>• पाडी/बाच्छीपालन का लागि प्रोत्साहन बापत एक पटक रकम प्राप्त गरी सकेपछीका कृषक/व्यवसायीक लाई त्यसपछीको २ आ.व.सम्म सोही कार्यको लागि प्रोत्साहन रकम उपलब्ध गराईने छैन<br>• मिती २०८३ साल आषाढ ७ गते सम्म दरखास्त दिन सकिनेछ। |
| २ | कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम | १ पटक | १ लाख | कृषि ऋणमा व्याज अनुदान कार्यक्रम संचालन (दोस्रो संशोधन) मापदण्ड २०७७ बमोजिम | • आवेदक नेपाल राष्ट्र बैंकबाट वित्तिय कारोबार गर्न इजाजत प्राप्त बैंक वा सहकारी संस्थाबाट कृषि ऋण लिई व्यवसायिक कृषि फार्म संलग्न कृषक/फर्म/समुह वा सहकारी संस्थाले यस कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्न सक्नेछन।<br>• अन्य नियम कृषि ऋणमा व्याज अनुदान कार्यक्रम संचालन (दोस्रो संशोधन) मापदण्ड २०७७ - २०८०/०८/१५ बमोजिमका काज पत्रहरु संलग्न राखी निबेदन पेश गर्नु पर्ने छ । |
| ३ | उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम (दूधमा) | लिटर | १० लाख | दुधमा आधारीत प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड २०७७ प्रथम संसोधन २०८१ बमोजिम हुनेछ | • आबेदक दूग्ध सहकारी संस्था हुनुपर्ने ।<br>• आबेदकले कृषकलाइ रकम भुक्तान गरेको कागजात पेश गर्नुपर्नेछ ।<br>• आबेदक दैनिक कम्तीमा २०० लिटर र बार्षिक कम्तीमा २०० दिन दूधको कारोबार गर्ने हुनुपर्ने<br>• अघिल्लो आ ब मा भन्दा १०% ले उत्पादन बृद्धि हुनुपर्ने । |

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

टेलिफोन नः-०६९-५२०१२१,९८५७६२६२३४ वेबसाइटः-vhlsecmyagdi.gandaki.gov.np इमेलः-vhl.myagdi@com

गोपान्न गिरी
पशु बिकास अधिकृत
कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
म्याग्दी

०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.com

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बृहत्तर पशु बिकास कार्यक्रम फलोअप (बाख्रा) बे.न.पा.३ र मंगला गा.पा.२ | २ संख्या | १० | बृहत्तर पशु बिकास कार्यक्रम संचालन मापदण्ड २०८१ बमोजिम | •अघिल्लो आ.व. को यथार्थ बिबरण सहित क्षेत्र बिस्तार सम्बन्धी कार्य गर्न बिबरणहरु पेश गर्नुपर्नेछ । |
| ५ | कालिगण्डकी कोरिडोर केन्द्रित पशुपंन्छी तथा मत्स्य उत्पादन तथा प्रबर्द्धन कार्यक्रम | पटक १ | २० लाख | सहकार्यमा पशु बिकास कार्यक्रम संचालन मापदण्ड २०८२ बमोजिम | •आवेदक कृषक समुह,समिती र सहकारी हुनुपर्नेछ<br>•कार्यक्रम संचालन हुने क्षेत्र – जिल्लाका कालिगण्डकी कोरिडोर संग जोडिएको स्थानीयतहहरु पर्नेछन ।<br>•आबस्यक शर्तहरु – गाइभैसीको हकमा कम्तीमा ५० माउ र दैनिक २०० लिटर दुध उत्पादन हुनुपर्नेछ<br>•याकनाक चौरीको हकमा कम्तीमा १०० गोटा<br>•भेडाबाखाको हकमा कम्तीमा २५० गोटा<br>•बंगुरको हकमा माउको लागी ५० र मासुको लागी १०० गोटा<br>•स्थानीय कुखुराको हकमा ५०० गोटा<br>•हांसको हकमा ३०० गोटा<br>•माछाको लागी २० रोपनी र ट्राउटको लागी १००० बर्गमिटर क्षेत्रफल भएको हुनुपर्नेछ । |

पेश गर्नुपर्ने कागजातहरु

१. तोकिएको ढाँचामा भरेको प्रस्ताव ।

२. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि ।

३. कृषक समुह/समिती/सहकारी संस्थाको दर्ता प्रमाणपत्र PAN/VAT दर्ता प्रमाणपत्र र पछिल्लो आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिहरु ।

४. गत आ.व. को लेखा परीक्षण प्रतिवेदन ।

५. सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको कार्यक्रम संचालनमा दोहोरो सहयोग बा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

६. अघिल्लो दुइ आर्थिक बर्षमा अनुदानको लागि प्रस्ताव आह्वव गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।

७. बिस्तृत जानकारिको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीको सम्पर्क नं. ०६९- ५२०१२१/९८५७६२६२३४ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

८. उल्लेखित कार्यक्रमहरु बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ संसोधन २०८१ कार्यक्रम संचालनसँग सम्बन्धित मापदण्डहरु अनुसार कार्यान्वयन हुनेछन। उल्लेखित कार्यविधि तथा सम्बन्धित मापदण्डहरु यस कार्यालयको वेवसाइट vhlsecmyagdi.gandaki.gov.np बाट पनि डाउनलोड गर्न सकिने छ ।

गोपाल गिरी
पशु चिकित्सा अधिकृत
कार्यालय प्रमुख